बिर्तामोड नगरपालिकाले बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमको फार्मेसी संचालन गर्नका लागि सार्वजनिकरुपमा आव्हान गरको ठेक्का सूचनालाई लिएर विभिन्न संचार माध्यममा प्रकाशित समाचारप्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएकोछ ।

सो सम्बन्धमा बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न स्वास्थ्य बीमा बोर्ड केन्द्रीय कार्यालय टेकु काठमाण्डौ र यस बिर्तामोड नगरपालिका बीच मिति २०७७ साल माघ २७ गते सम्झौता भएको थियो । मिति २०७८ बैशास २१ गते फार्मेसी संचालनका लागि वार्षिक न्यूनतम ठेक्का अंक रु १२,००,०००।- (अक्षरेपी बाह्र लाख मू.अ.कर बाहेक) कायम गरि ई-विडिङ्ग मार्फत ठेक्का आव्हान गर्ने निर्णय भएको र सोहि बमोजिम मिति २०७८ बैशाख २३ गते आय ठेक्काका लागि १६ दिनको १२ बजे सम्मको म्याद भएको सिलबन्दी दरभाउपत्रको सार्वजनिक सूचना सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी यस नगरपालिकाको वेभसाइटमा समेत सो सम्बन्धी सूचना जारी गरिएको । सूचना जारी गरिएको १६ औं दिनको १२:०० बजे bolpatra.gov.np/egp मार्फत खोल्दा ५ वटा फर्मले दरभाउपत्र पेश गरेको पाइयो जुन तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | फर्मको नाम | कबोल अंक रु (मू.अ.कर बाहेक) |
|---|---|---|
| १ | अमन फार्मेसी | १२,००,०००।- |
| २ | कालिमा ड्रग डिस्ट्रिव्युटर्स | ३६,६०,०००।- |
| ३ | जनकल्याण फार्मेसी | १२,११,०००।- |
| ४ | कन्काई माई ड्रग हाउस | १६,४९,८००।- |
| ५ | पुष्पलता मेडिकल हल | ३६,००,०००।- |

यसरी प्राप्त भएका शिलबन्दी दरभाउपत्र मूल्याङ्कनको क्रममा नै विविध टिकाटिप्पणी हुन थालेकोले सम्बन्धित सबैका लागि नगरपालिकाले ठेक्का प्रचलित ऐन कानूनको पालनागरी पारदर्शी रुपमा बढी प्रतिष्पर्धा हुन सकोस भन्ने उदेश्यले ई-विडिङ्ग प्रकृया अवलम्बन गरी सूचना आव्हान गएिको हुँदा सम्बन्धित सबैलाई सूचितको लागि जानकारी गराइन्छ ।

२८।०२।०७८

अग्नीप्रसाद पाण्डे
प्रवक्ता
बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा

Scanned with CamScanner